प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश, हेटौडा

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

सूचना नं. १/०७८-०७९

(प्रथम पटक प्रकाशित मितिः २०७८/०४/३२)

आ.व. २०७८/७९ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्यालय सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र १५ दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम खरिद गर्न चालु आ.व. को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्रहरु संलग्न राखी लिखित निवेदन सहित रु.१०००।-(फिर्ता नहुने गरी) राजस्व दस्तुर राष्ट्रिय बाणिज्य बैंक, हेटौडामा खाता नं.१०००२०००१००००, राजश्व शीर्षक नं. १४२२९, कार्यालय कोड नं. ३०१००३२०४३ मा बैंक दाखिला गरेको सक्कल भौचर बुझाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस आयोगको कार्यालय, हेटौडा, सानोपोखराबाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२.०० बजे भित्र यस आयोगको नाममा सम्बोधन गरी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी दरभाउ पत्र खरीद गर्दाको सबै कागजातहरु प्रमाणित गराई संलग्न राखी यस आयोगको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ। सो सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिहरु समेतको रोहबरमा खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र साथ जमानत वा तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम कार्यालय कोड ३०५०१३२०१३ र प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौडाको नाममा राष्ट्रिय बाणिज्य बैंक हेटौडामा रहेको धरौटी खाता नं. १३००१००२०२०३०००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अबधि (Validity)

रहेको "क" वर्गका बाणिज्य बैंकको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

४. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

५. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्बजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य प्रचलित ऐन, नियमहरु बमोजिम हुनेछ।

६. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

७. दरभाउपत्रको BOQ मा उल्लेखित मालसामानहरु दरभाउपत्र स्वीकृति पश्चात् आयोगमा आपूर्ति गर्दा Original सामानहरु मात्र आयोगमा उपलब्ध गराउनु पर्ने छ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको कार्यालय, हेटौडा, सानोपोखरामा आई बुझ्न सकिने छ।

९. फर्म दर्ता गर्दा व्यवसायको उल्लेखित कारोबारभन्दा फरक विषयमा दरभाउ पत्र खरिद तथा दाखिला गर्न पाइने छैन ।

१०. प्रत्येक ठेक्का नं. को फरक फरक दरभाउपत्र खरिद गरी पेश गर्नुपर्नेछ। यस सम्बन्धी सूचना आयोगको ppsc.bagamati.gov.np मा समेत हेर्न र फोन नं.०५७-५९०६१५, ०५७-५९०६१४ मा फोन गरी बुझ्न सकिनेछ।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने कामको विवरण | जमानत रकम रु. | दरभाउ पत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | मसलन्द तथा कार्यालय सामाग्रीहरू | ४००००/- | १०००/- | २०७८/५/१४ गते कार्यालय समय भित्र | २०७८/५/१५ गते दिनको १२:०० बजे सम्म मात्र |
| २ | २/२०७८/०७९ | परीक्षा सामाग्रीहरू | ४९०००/- | १०००/- | | |
| ३. | ३/२०७८/०७९ | छपाई सम्बन्धी कार्य | ४८०००/- | १०००/- | | |
| ४. | ४/२०७८/०७९ | OMR उत्तरपुस्तिका सम्बन्धी | ४६०००/- | १०००/- | | |

२०७८/४/३२
राजु राज अर्याल
(अख्तियार प्राप्त अधिकृत)